लोक सेवा आयोग

# खोटाङ कार्यालय

दिक्तेल, खोटाङ

## रा.प.अनं प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदको परीक्षा केन्द्र कायम गरिएको सूचना

**सूचना नं. १० /०८०-८१, मिति २०८०/०४/१६**

लोक सेवा आयोग, धनकुटा कार्यालयको **विज्ञापन नम्बर १०००१-१०००६/०७९-८० (खुला तथा समावेशी), संयुक्त र एकीकृत** परीक्षा प्रणाली अन्तर्गत **राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह पदमा दिक्तेल, खोटाङ परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका **सम्पूर्ण उम्मेदवारहरुको** नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारका परीक्षा केन्द्रहरुमा प्रथम चरणको प्रतियोगित्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण **(General Knowledge & General Mental Ability Test)** | वस्तुगत **(Objective)**: बहुवैकल्पिक प्रश्न **(Multiple Choice Questions)** | २०८०।०५।०२ गते बिहान ११:०० बजे | ४५ मिनेट |

**लिखित परीक्षा भवन**

| क्र.सं. | रोल नम्बर | परीक्षा केन्द्र | उम्मेदवार सङ्ख्या |
|---|---|---|---|
| १ | ११०००१ देखि ११०२१५ सम्म | श्री सरस्वती मा.वि., दिक्तेल, खोटाङ (क) | २१५ |
| २ | ११०२१६ देखि ११०४२७ सम्म र त्यसपछि क्रमश: रोल नम्बर कायम हुने सबै उम्मेदवारहरु | श्री सरस्वती मा.वि., दिक्तेल, खोटाङ (ख) | रोल नम्बर ११०२१६ पछिका बाँकी सबै उम्मेदवार |

**द्रष्टव्य १:-**

(क) सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनुपर्नेछ।

**द्रष्टव्य २:-**

(क) परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा साथै लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्नेछ।
(ख) तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइनेछैन।
(ग) परीक्षा हलमा मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएकोछ।
(घ) परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्नेछ।
(ङ) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाइनेछैन।
(च) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई सकेपछि बाहिर जान पाइनेछ।
(छ) आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
(ज) नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालन गर्नुपर्नेछ।

**द्रष्टव्य ३:- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरु**

(क) परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयम्ले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्नेछ।
(ख) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।
(ग) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ।
(घ) **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले परीक्षा मितिको एक दिन अगावै फोन नम्बर ०३६-४२०१७७/०३६-४२०७५७ मा सम्पर्क गरी आफ्नो दर्ता नम्बर र नाम थर समेत टिपाउनुपर्नेछ।**

(भगतप्रसाद आचार्य)
नायव सुब्बा

२०८०/०४/१६
(सफल पोर्तेल)
उपसचिव

फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com